नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः-** २०७९।०१।१९

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्धा उच्च अदालत पाटन, ललितपुरमा मिति २०७९।०१।१६ गते मुद्दा दायर गरिएको छ ।

१. **अभियुक्तको विवरणः**

- जिल्ला भक्तपुर, सूर्यविनायक नगरपालिका वडा नं. १०, देउजागाउँमा, स्थायी बसोबास गर्ने श्री एभरेष्ट यति इन्टरनेशनल प्रा. लि. (स्था.ले.नं.३०१५८९०५३) को शेयरधनी/संचालक **दिपक कुमार देउजा** ।
- जिल्ला भक्तपुर, सूर्यविनायक नगरपालिका वडा नं. १०, देउजागाउँमा, स्थायी बसोबास गर्ने श्री एभरेष्ट यति इन्टरनेशनल प्रा. लि. (स्था.ले.नं.३०१५८९०५३) को शेयरधनी **अचला थापा देउजा।**

२. **कसुरको संक्षिप्त विवरणः** श्री एभरेष्ट यति इन्टरनेशनल प्रा. लि.ले राजस्व चुहावट गर्ने मनसायले जालसाजीयूक्त, नक्कली तथा झुट्टा मूल्य अभिबृद्धि कर विजक खरिद गरी बित्तीय विवरणहरु तथा आय विवरणहरु तयार गरी प्रचलित आयकर ऐन तथा मुल्य अभिबृद्धि कर ऐन तथा नियमहरु बमोजिम तिर्नुपर्ने कर नतिरी राजस्व चुहावटको कार्य गरेको ।

३. **कायम भएको विगो र सजायको मागदाविः** राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४(क), (ग) र (झ) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) हुन आउने **मु.अ.कर तर्फ रु. ३,४०,१८,०००।- र आयकर तर्फ रु. ६,२७,१४,५६०।-** समेत जम्मा हुन आउने कुल विगो **रु. ९,६७,३२,५६०।- (नौ करोड सतसठ्ठी लाख वत्तिस हजार पाँच सय साठी रुपैया मात्र)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संशोधन सहित) को दफा २३(१) बमोजिम प्रतिवादीहरुबाट विगो **रु. ९,६७,३२,५६०।-** असुल गरी सोही ऐनको दफा २३(१) बमोजिम कायम भएको विगोको शत प्रतिशत **रु. ९,६७,३२,५६०।-** जरिवाना तथा दफा २३(१)(ग) बमोजिम कैद सजाय हुन मागदावी गरी अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | • दिपक कुमार देउजा<br>• अचला थापा | ९,६७,३२,५६०।- | ९,६७,३२,५६०।- | १९,३४,६५,१२०।- |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**